# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८२/०८३
प्रेस विज्ञप्ति नं. : ४२६

मिति: २०८३।०३।१९ गते।
ने.सं. ११४६

## प्रेस विज्ञप्ति

### भारतीय लागु औषध कारोवारी कटुवा पेस्तोल लिई लागु औषध बिक्री गर्दै गरेको अबस्थामा पक्राउ

भारतमा वसी नेपालमा लागु औषध हेरोईन सप्लाई गर्ने गिरोहहरुको Profiling गर्ने क्रममा भारतको लालबनिया नाकावाट नेपालको सिराहा, महोत्तरी हुँदै काठमाण्डौ उपत्यकासम्म लागु औषध हेरोईन सप्लाई गर्ने गिरोहको पहिचान गरी निग्रानी गर्ने क्रममा लागु औषध नियन्त्रण ब्यूरो शाखा कार्यालय सिराहा र ईलाका प्रहरी कार्यालय महेशपुर सिराहावाट खटिएको संयुक्त प्रहरी टोलीले मिति २०८३।०३।१९ गते जिल्ला सिराहा नवराजपुर गा.पा. वडा न. ५ स्थितमा ४ जनाको समूहले लागु औषधको कारोवार गर्दै गरेको अबस्थामा फेला पारी नियन्त्रणमा लिन खोज्दा लागु औषध कारोवारीको गिरोह मध्येका १ जना सदस्यले कटुवा पेस्तोलवाट प्रहरी टोली माथी १ राउण्ड फायर गरेकोले आत्म रक्षाको लागी प्रहरी टोलीवाट २ राउण्ड हवाई फायर गरी आत्म समर्पण गर्न चेतवानी दिदा समेत अटेर गरी कटुवा पेस्तोल ताकी रहेकोले निजको वायाँ खुट्टाको घुडा मुनी १ राउण्ड फायर गरि लागु औषध खैरो हेरोईन ११५ ग्राम २० मिलिग्राम सहित १ जनालाई नियन्त्रणमा लिईएको र अन्य ३ जना भागी फरार रहेको।

साथै घाईतेको प्रदेशिक अस्पताल सिराहामा उपचार भई रहेको तथा फरार रहेका ३ जनाको खोजतलास जारी रहेको ब्यहोरा जानकारीको लागी अनुरोध।

निम्न :-

- **पक्राउ प्रतिबादीको विवरण :-**
  देश भारत मधुवनी बिहार ग्राम पञ्चायत बिरपुर ३ ठेगाना भएका बर्ष ३५ का अब्दुल कलाम।

- **बरामद दशी (सामान) को बिबरण :**
  १. लागु औषध खैरो हेरोईन ११५ ग्राम २० मिलिग्राम।
  २. कटुवा पेस्तोल थान १, ऐ. को गोली राउण्ड २।
  ३. मोवाईल थान १।

नोट :- पक्राउ प्रतिवादी उपर लागु औषध मुद्दामा थप अनुसन्धान भई रहेको।

प्रवक्ता/ सूचना अधिकारी
(दुर्गा राज रेग्मी)
प्रहरी उपरीक्षक